# 'सुस्वास्थ्य डिभिजन' स्थापना गरी औषधि उत्पादन शुरु

गोर्खापत्र समाचारदाता

काठमाडौं, भदौ २२ गते। नेपालमा झन्डै डेढ दशकदेखि औषधि उत्पादन गर्दैआएको देउराली जनता फर्मास्युटिकल प्रालिले मुटु तथा नसा रोगसँग सम्बन्धित औषधि पनि उत्पादन गर्न शुरु गरेको छ।

सो प्रालिद्वारा आज एक पत्रकार सम्मेलनको आयोजना गरी कम्पनीमा नयाँ सुस्वास्थ्य डिभिजन स्थापना गरी यस्ता औषधि उत्पादन शुरु गरेको र ती औषधि यही भाद्र महिनादेखि बिक्री-वितरण गर्न लागेको सो पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

पत्रकार सम्मेलनमा बोल्दै सो कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले नेपालमा पनि अहिले मुटुलगायतका दीर्घ रोगका बिरामीको सङ्ख्या बढ्दैगएको र सो अवस्थालाई बिचार गरी कम्पनीले यस प्रकारका औषधि उत्पादन गर्न लागेको उल्लेख गर्नुभयो।

कम्पनीले बिश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्ड (डब्लूएचओ-जीएमपी) अनुरूप औषधि उत्पादन गर्ने गरेको र आफ्नो कम्पनीले अत्याधुनिक प्रविधिको प्रायोगबाट गुणस्तरीय औषधिको उत्पादन गरेको दावीसमेत श्री शर्माले गर्नुभयो।

उहाँले विदेशी औषधि कम्पनीका अत्यधिक उत्पादनलाई नेपाली बजार दिइनाले नेपाली औषधि उत्पादन कम्पनीलाई समस्या आइपरेको र यसमा सरकारले ध्यान दिनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो।

सो कम्पनीले अहिले ८० प्रकारका औषधि उत्पादन गरी बजारमा लगेको र कम्पनीमा १५० जनाले रोजगारी पाइरहेका छन्।